# सैनामैना नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही

# सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार बहुबर्षे फोहोरमैला व्यवस्थापन सम्वन्धी प्रस्ताव आव्हानको सूचना

सुचना नं: PPP/01/075-76

(प्रथमपटक सूचना प्रकाशित मिति २०७५/०६/०५)

सार्वजनिक निजी साझेदारी अवधारणामा सैनामैना नगरपालिका क्षेत्रको फोहोर मैला कुहिने नकुहिने अलग–अलग रुपमा संकलन र व्यवस्थापन गर्ने गरी सैनामैना नगरपालिकाको फोहर मैला व्यवस्थापन ऐन, २०७४ तथा फोहर मैला व्यवस्थापन कार्यविधि, २०७४ (पहिलो संशोधन सहित) को अधिनमा रहि नगरपालिका भित्रका सम्पुर्ण ११ ओटा वडाहरुमा रहेका घर, पसल, पेशा व्यवसायको तथा हाटबजार आदि क्षेत्रको फोहर संकलन सरसफाई एवं ढुवानी र अन्तिम व्यवस्थापन गर्ने तथा फोहर उत्पादकसंग तोकिए बमोजिमको सेवा शुल्क असुली गर्ने कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा बन्दोवस्ती गर्ने निर्णय भएको हुँदा उक्त कार्य गर्न इच्छुक योग्यता पुगेका फर्म, कम्पनी, सामुदायिक संस्था, गैरसरकारी संस्थाहरुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव (बेग्ला बेग्लै शिलबन्दी) पेश गर्न आव्हान गरी यो सूचना प्रकाशित गरीएको छ। इच्छुक फर्म, कम्पनी, सामुदायिक संस्था, गैरसरकारी संस्थाहरुले तोकिएको समय भित्र कार्यालयमा सम्पर्क गरी परियोजनाको विवरण (Request For Proposal) खरिद गर्न सकिनेछ।

**शर्तहरु:**

१. प्रस्ताव सम्वन्धी कागजात मिति २०७५/०७/०४ गते कार्यालय समय भित्र आ.व.०७४/०७५ को लागि नविकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाण पत्र, कर चूक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन साथ दस्तुर रु. ३००० (फिर्ता नहुने गरी) बुझाई यस सैनामैना नगरकार्यपालिका कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको प्रस्ताव मिति २०७५/०७/०५ गते दिनको १२:०० बजे भित्र प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा राखी शिलबन्दी गरी पूनः दूवै खाम एउटै खाममा राखी शिलवन्दी गरी खाम बाहिर सैनामैना नगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्वन्धी प्रस्तावपत्र र पेश गर्ने फर्म वा कम्पनीको नाम, ठेगाना उल्लेख गरि छाप लगाई यस कार्यालयमा दर्ता गराउनू पर्नेछ। साथै दर्ता हुन आएका प्रस्तावहरु मध्ये प्राविधिक प्रस्ताव सोही दिन दिनको २:०० वजे प्रस्तावदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थिति नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

३. साझेदारीका लागि न्युनतम योग्यता: क) फोहर व्यवस्थापन तथा सरसफाईमा ३ बर्षको अनुभव
ख) वार्षिक कारोबार (विगत १० वर्ष भित्रको उत्कृष्ट ३ वर्षको औसत) : २० लाख

४. प्राविधिक प्रस्तावमा सफल भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।

५. प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने दिन विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

६. प्रस्ताव साथ जमानत वापतको रु २,००,००० यस कार्यालयको कृषि विकास बैंक मुर्गिया शाखाको धरौटी खाता नं. ग-३-०४१४२०११४९२४४०१५ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको प्रस्ताव पेश गर्ने अन्तिम मितिले १२० दिन सम्म म्याद भएको 'क' श्रेणीको वाणिज्य बैंक बाट जारी भएको बैक जमानी पत्र (विड बण्ड) प्राविधिक प्रस्ताव सँगै संलग्न राखी पेश गर्नुपर्नेछ।

७. पूर्व योग्यता सम्वन्धी विस्तृत विवरण प्रस्तावमा उल्लेख गरिएको छ।

८. सूचना तथा प्रस्तावमा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, सार्वजनिक निजी साझेदारी नीति २०७२, सैनामैना नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्वन्धी ऐन २०७५ एवं प्रचलित कानुन बमोजिम हुनेछ।

९. प्रस्ताव सम्बन्धि Pre-Bid Meeting मिति २०७५।०६।२४ गते दिनको १:०० वजे नगरपालिका कार्यालयमा गरिनेछ।

१०. प्रस्ताव छनौटका आधारहरु: परियोजनाको विवरणमा उल्लेख भए अनुसार।

११. प्राप्त सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

१२. यस सम्बन्धी थप जानकारीका लागि नगरपालिका कार्यालयको सामाजिक विकास शाखामा सम्पर्क राख्न सकिनेछ। यो सूचना नगरपालिकाको वेवसाईट www.sainamainamun.gov.np बाट समेत हेर्न सकिनेछ।

खरिद इकाई